# *एक पालुवा अनेकौँ याम* उपन्यासमा सामाजिक संरचना

**विदुला घिमिरे**
उपप्राध्यापक, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ
इमेल : bidulaghimire7@gmail.com
DOI: https://doi.org/10.3126/prajna.v126i1.86304

**लेखसार**

*प्रस्तुत लेख एक पालुवा अनेकौँ याम उपन्यासमा कालखण्डविशेषको नेपाली सामाजिक संरचनाका कुन कुन पक्षहरूले केकसरी अभिव्यक्ति पाएका छन् भन्ने मूल प्राज्ञिक जिज्ञासाको समाधानमा केन्द्रित छ । गुणात्मक प्रकृतिको प्रस्तुत अध्ययनमा साहित्यको समाजशास्त्रीय अध्ययनार्थ विकसित प्रमुख सैद्धान्तिक प्रस्थापनाहरूमध्ये सामाजिक संरचनालाई कृतिविश्लेषणको मुख्य आधार बनाइएको छ र त्यस क्रममा मूलतः मार्क्सवादको ऐतिहासिक भौतिकवादी तथा रेमन्ड विलियम्सको सांस्कृतिक भौतिकवादी मान्यतालाई अवलम्बन गरिएको छ । त्यसअनुसार सामाजिक बनावट, आर्थिक, शैक्षिक तथा प्रशासनिक स्थिति, वर्गीय सम्बन्ध, सांस्कृतिक परिप्रेक्ष्य, जातीय सम्बन्ध एवम् लैङ्गिक सम्बन्धलाई पाठगत तथ्य विश्लेषणको प्रमुख पर्याधारका रूपमा तय गरिएको छ । लेखको अन्त्यमा प्रस्तुत उपन्यासले राणाकालीन अन्तिम प्रहरको मूलतः पूर्वी तराई एवम् राजधानी काठमाडौँको सामन्तवादी विभेदले ग्रस्त नेपाली समाज र संस्कृतिलाई प्रकाश पारेको निष्कर्ष निकालिएको छ र त्यस बेला मिश्रित ढाँचाको स्वरूप लिँदै गरेको तद्स्थानिक नेपाली सामाजिक संरचनाको निरूपण गर्दै तत्कालीन समाज रूपान्तरणको प्रक्रियालाई पनि उल्लेख गरिएको छ ।*

**शब्दकुञ्जी** : आर्थिक संरचना, सामाजिक बनावट, मिश्रित ढाँचा, राजनीतिक सञ्चेतना, सांस्कृतिक संरचना ।

## विषयपरिचय

*एक पालुवा अनेकौँ याम* (२०२६) उपन्यासकार दौलतविक्रम विष्ट (१९८३-२०५९) द्वारा रचित बृहत् आयामको उपन्यास हो । आदर्शोन्मुख यथार्थ, सामाजिक यथार्थ, आञ्चलिकता, प्रगतिवादी चेत, सांस्कृतिक चेत, मनोविश्लेषणणात्मकताका साथै अस्तित्ववाद र विसङ्गतिवाद जस्ता विविध औपन्यासिक प्रवृत्तिहरूलाई आत्मसात् गर्दै लेखनमा रमाउने विष्टको नेपाली उपन्यास जगत्मा विशिष्ट स्थान रहेको छ। नेपालको कालखण्डविशेषको सामाजिक यथार्थका बहुआयामहरूको अङ्कनका दृष्टिले प्रस्तुत उपन्यास महत्त्वपूर्ण रहेको छ। 'सामाजिक संरचना' साहित्यको समाजशास्त्रीय अध्ययनार्थ विकसित प्रमुख पद्धतिहरूमध्ये एक हो । यस पद्धतिअनुसार साहित्यमा अभिव्यक्त सामाजिक संरचनाका बहुआयामिक पक्षहरूको खोजी र विश्लेषणका आधारमा कालखण्डको यथार्थ समाज परिवर्तनको प्रक्रियासमेतको पहिचान गरिन्छ ।

*एक पालुवा अनेकौँ याम* उपन्यासमा अभिव्यक्त राणाकाल अवसानतिरको कालखण्डविशेषको नेपाली सामाजिक संरचनाका कुनकुन पक्षहरूले के कसरी प्रस्तुति पाएका छन् भन्ने प्राज्ञिक जिज्ञासामा केन्द्रित प्रस्तुत अध्ययनको उद्देश्य उपन्यासमा व्यक्त सामाजिक संरचनाको विश्लेषण गर्नु नै रहेको छ । प्रस्तुत उपन्यासका सम्बन्धमा साहित्यको विधागत विकासक्रमका परिप्रेक्ष्यमा कृतिगत मूल्य निरूपणको प्रक्रियामा भएका छिटपुट अध्ययन तथा सामाजिक यथार्थवादी तथा आलोचनात्मक यथार्थवादी धारागत प्रवृत्तिका कोणबाट सङ्क्षिप्त अध्ययन भए पनि उपन्यासको सामाजिक संरचनामा केन्द्रित रहेर समाजशास्त्रीय कोणबाट सूक्ष्म अध्ययन हालसम्म भएको देखिँदैन । अतः यिनै रिक्ततालाई पूरा गर्नमा प्रस्तुत अध्ययन केन्द्रित छ र यस उपन्यासमा अभिव्यक्त सामाजिक संरचनाका विविध पक्षको गहन विश्लेषणमा लेखलाई सीमाबद्ध गरिएको छ ।

## अध्ययनको विधि

गुणात्मक प्रकृतिको प्रस्तुत साहित्यिक अध्ययनका निम्ति *एक पालुवा अनेकौँ याम* उपन्यास प्राथमिक र साहित्यिक समाजशास्त्रीय पद्धति 'सामाजिक संरचना'का सम्बन्धमा लेखिएका पुस्तक तथा लेखरचनाहरू द्वितीयक सामग्रीका रूपमा रहेका छन् । तिनको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । शोध्य कृतिको विश्लेषणका निमित्त साहित्यको समाजशास्त्रीय अध्ययनमा प्रयुक्त प्रमुख सैद्धान्तिक पद्धतिहरूमध्ये सामाजिक संरचनाबारेका मूलतः मार्क्सवादको ऐतिहासिक भौतिकवाद तथा रेमन्ड विलियम्सको सांस्कृतिक भौतिकवादका आधारभूत मान्यतालाई अवलम्बन गरिएको छ र त्यसअनुसार कृतिको विश्लेषणमा सामाजिक बनावट, आर्थिक, शैक्षिक तथा प्रशासनिक स्थिति, वर्गीय सम्बन्ध, सांस्कृतिक परिप्रेक्ष्य, जातीय सम्बन्ध एवम् लैङ्गिक सम्बन्धलाई मुख्य विश्लेष्य ढाँचाका रूपमा उपयोग गरिएको छ ।

## सैद्धान्तिक आधार

समाजको ढाँचा वा बनावट नै सामाजिक संरचना हो । 'सामाजिक संरचना' सम्बन्धी मान्यता मूलतः समाजशास्त्रीय मान्यता हो । समाजशास्त्रका अनुसार सामाजिक संस्थाका धार्मिक, आर्थिक, राजनीतिक तथा पारिवारिक रूपहरूको गठन एकसाथ कडा परीक्षणबाट हुन्छ । समाजका यी सबै रूपको समन्वित गठन सामाजिक संरचना हो (लरेन्सन र स्विङउड, सन् १९७२, पृ. ११) । समाजशास्त्र तथा साहित्य दुवैले समाजसम्बन्धी आधारभूत पक्षहरूलाई अध्ययनको साझा विषय बनाउँछन् । साहित्यको समाजशास्त्र साहित्यबाट मानवसंस्कृति तथा समाजका विविध स्वरूपको वैज्ञानिक विश्लेषण गर्ने साहित्यिक समालोचना पद्धति हो । यस पद्धतिबाट साहित्यमार्फत मानिसको सामाजिक जीवनको अध्ययनका क्रममा सामाजिक संस्थाहरूलाई आधार बनाउँदै मानिसका सामाजिक व्यवहार तथा अन्तर्सम्बन्धहरूका साथै मानिसको व्यक्तित्व, समुदाय, वर्ग, गाउँ, सहर, जनसङ्ख्या आदिको अध्ययन हुन्छ (श्रेष्ठ, २०६०, पृ. ५०) । साहित्यलाई आधार बनाएर सामाजिक संरचनाको वस्तुनिष्ठ अध्ययन सम्भव छ भन्ने साहित्यिक समाजशास्त्रीहरूको मत रहेको छ ।

गतिशीलता समाजको प्रमुख चरित्र हो । यो सदैव एउटै स्वरूपमा रहँदैन । परम्परागत समाजभन्दा मुक्त समाज खुलापन बोकेको स्वतन्त्र प्रकृतिको हुन्छ; भौतिक प्रगतितर्फ निरन्तर अग्रसर हुन्छ; रूढिवादिता हट्दै गएको हुन्छ । यस्तो समाजले धनी-गरिब, शासक-शासित, पुँजीपति-श्रमिक जस्ता द्वैध रूपको वर्गचरित्र बोकेको हुन्छ; उद्योगधन्दा, धर्मपरम्परा, रीतिरिवाज, वेशभूषा, रहनसहनमा विविधता हुन्छ । परम्परागत र खुला दुवै खाले सामाजिक चरित्र विद्यमान समाज

मिश्रित समाज हो । प्रत्येक सामाजिक समूहका सदस्यहरूबिचको अन्तर्सम्बन्धले सामाजिक संरचनामा असर गर्दछ; त्यसमा विचलन आउँछ । एकै खाले सामाजिक कार्यले आवृत्ति पाइरहेपछि त्यसले सामाजिक व्यवस्थाको रूप लिन्छ ।

समाजका बहुआयामिक अध्ययनका निमित्त सामाजिक संरचनाको अध्ययन आवश्यक छ । विविध सामाजिक संरचनामा नारी-पुरुषको अलगअलग भूमिका र हैसियत संस्कृतिजन्य हुन्छ । सामाजिक परिभाषामा नै पुरुष र महिलालाई समान भूमिकामा स्विकारिएको हुँदैन । जस्तो महिलालाई कम बलको 'स्त्रीभूमिका'का लागि सामाजिकीकरण गरिएको हुन्छ भने पुरुषलाई कडा भूमिकाका लागि तयार गरिएको हुन्छ । लैङ्गिक भिन्नताका यस खाले सामाजिकीकरणका कारण पीडित आधुनिक बौद्धिक महिलाहरूद्वारा भने पुरुषको प्रभुत्वप्रति असन्तोष र विरोधको अभिव्यक्ति हुन्छ (लरेन्सन र स्विङउड, सन् १९७२, पृ. ८४) । समान काममा महिलालाई कम र पुरुषलाई बढी पारिश्रमिक भुक्तानीको असमानतालाई संस्थागत रूपमै समर्थन गरिनु पनि सामाजिक संरचनामा आर्थिक पाटासँग जोडिएको लैङ्गिक विभेद हो । यसरी पितृसत्ता स्थापित सामाजिक संरचनामा क्षमताका आधारमा भन्दा पनि संस्कृतिगत आधारमा तय गरिएका विभेदमा पुरुषको प्रभुत्व मूर्त बनेको हुन्छ ।

मार्क्सवादी समाजशास्त्र र साहित्यको समाजशास्त्र साहित्यिक विश्लेषणका अलग-अलग पद्धति हुन् तथापि दुवैले कृतिविश्लेषणको केन्द्र समाजलाई बनाउँछन् । मार्क्सले साहित्यको समाजपरक सिद्धान्तको स्पष्ट प्रतिपादन नगरे पनि उनका कला-साहित्यसम्बन्धी धारणालाई आधार बनाएर यस विषयमा मार्क्सवादका प्रखर अनुयायीहरू एङ्गेल्स, प्लेखानोभ, लेनिन आदिले प्रशस्त काम गरेका छन् र तिनले मार्क्सवादी समालोचनालाई एउटा सामाजिक दृष्टिकोणयुक्त प्रणालीका रूपमा स्थापित गरेका छन् (त्रिपाठी, २०६५, पृ. १४५) । साहित्यिक समाजशास्त्री रेमन्ड विलियम्सले मार्क्सको ऐतिहासिक भौतिकवादबाट प्रभाव ग्रहण गर्दै तथा यसका कतिपय पक्षमा विमति राख्दै सांस्कृतिक भौतिकवादी मान्यताको विकास गरेका छन् । सांस्कृतिक भौतिकवादले पनि साहित्यिक अध्ययनमा मार्क्सवादले झैँ समाजलाई अध्ययनको केन्द्र बनाउँछ ।

ऐतिहासिक भौतिकवादी मान्यतामा समाजका प्रमुख दुई तत्त्वहरू आधार र अधिरचना हुन् । यी तत्त्वबिचको संरचनागत सम्बन्ध कालविशेषको समाज पहिचानका आधार हुन् जुन सम्बन्ध सरल नभई द्वन्द्वात्मक, बहुआयामिक, जटिल एवम् संश्लिष्ट प्रकृतिको हुन्छ (मिश्र, सन् २०१०, पृ. ६८) । यस मान्यताअनुसार कुनै पनि सामाजिक संरचना अनिवार्यतः आर्थिक संरचनासँग जोडिएको हुन्छ । आर्थिक संरचनाले समाजको विचारधारालाई तय गर्छ। मार्क्सवादका अनुसार समाजमा मुख्य परिवर्तनहरू सर्वप्रथम भौतिक उत्पादनमा देखा पर्दछन् र त्यसपछि सामाजिक र सांस्कृतिक जीवनमा प्रतिबिम्बित हुन्छन् (सुनुवार, २०६३, पृ. ७३) । समाजको विकासक्रमको अध्ययनका निमित्त ऐतिहासिक भौतिकवादले समाजविकासका अति सामान्य र मूलभूत पक्षहरूलाई अभिव्यक्त गर्ने निश्चित अवधारणाहरूका रूपमा सामाजिक स्थिति, सामाजिक चेतना, उत्पादन पद्धति, आधार, अधिरचना, सामाजिक प्रगति आदिलाई अघि सारेको छ (आफानास्येभ, २०५४, पृ. २२४) । अधिरचना भनिने सांस्कृतिक उत्पादनलाई सामाजिक र भौतिक दुवै रूपमा हेर्दै यिनको जटिल सम्बन्धको विश्लेषण गर्न सक्दा नै सामाजिक संरचनाको वास्तविक स्वरूपलाई प्रस्ट पार्न सकिन्छ ।

विलियम्सद्वारा प्रस्तुत सांस्कृतिक भौतिकवादी मान्यता संस्कृतिको उत्पादन, नियन्त्रण, वितरण र उपभोग आदि पक्षहरूमा गरिने सांस्कृतिक संरचनाको अध्ययन हो जुन कालखण्डको सामाजिक संरचनाविशेषको पहिचानमा उपयोगी छ। विलियम्सका मतमा संस्कृतिको यस समाजशास्त्रको आधारभूत कार्य सांस्कृतिक उत्पादनलाई सामाजिक र भौतिक एकतामा रहेको जटिल सम्बन्धको विश्लेषणद्वारा हेरिनुपर्दछ (सन् २०१०, पृ. १३९)। यथार्थतः मानिसहरू सामाजिक सम्बन्धको जटिलतामा परस्पर बन्धनमा हुन्छन्। त्यस क्रममा देखिने परिवर्तन सिङ्गो सामाजिक सङ्गठनको मात्र हुँदैन। प्रत्येक सामाजिक सदस्यको पनि वैयक्तिक तहको सिकाइसँगै फरकफरक दरमा परिवर्तन भई नै रहेको हुन्छ। त्यस स्थितिमा समाजका प्रत्येक सदस्यहरू परिवर्तनको ढाँचामा सम्मिलित हुँदै समाज परिवर्तनको प्रक्रियामा सहयोग पुऱ्याइरहेका हुन्छन् भन्ने विलियम्सको मत रहेको छ (सन् १९६५, पृ. ४८)। सुरुमा वैयक्तिक तहमा देखिने परिवर्तन क्रमशः सामाजिक तहमा प्रकट हुन्छ। विलियम्स समाजका सदस्यहरूको व्यक्तितहका परिवर्तनको समुच्चयमा सामाजिक परिवर्तनलाई हेर्छन्। सामाजिक विभेदमा सिर्जित असन्तोष र प्रतिरोधचेतमा उत्पन्न विद्रोहले विद्यमान सामाजिक संरचनाको परिवर्तनमा उल्लेख्य भूमिका निर्वाह गर्दछ।

ऐतिहासिक भौतिकवादी तथा सांस्कृतिक भौतिकवादी दुवै पद्धति साहित्यमा सामाजिक संरचनाका बहुआयामिक पक्षहरूको पहिचान तथा सामाजिक परिवर्तन प्रक्रियाको अध्ययनमा उपयोगी छन्। यी मान्यताका आधारमा यथार्थवादी साहित्यकारले कालखण्डको सामाजिक संरचनालाई साहित्यमा मूर्त बनाउनुका साथै सामाजिक परिवर्तनसम्बद्ध प्रमुख विषयसन्दर्भलाई अनुभूतिमा ग्रहण गर्दै साहित्यमा तिनको पुनर्रचना गर्दछन्; अझ भावी समाजको उदीयमान स्वरूपसमेतलाई सङ्केत गर्दछन्।

## विमर्श र नतिजा

प्रस्तुत उपन्यासमा वर्णित समयसन्दर्भलाई केलाउँदा रैखिक संरचनामा रहेको उपन्यासको प्रारम्भतिरको घटनाक्रममा प्रमुख पात्र कमलले १९९४ सालमा पन्ध्र वर्षे उमेरमा काठमाडौँको दरबार हाइस्कुलमा भर्ना भई पढ्दै गरेको छ भने कमलका बाबुले २००१ सालभन्दा पहिले नै जागिर छोडेर खेतीमा लागेको चर्चा छ। उपन्यासको अन्तिमतिरको घटनाक्रममा ताराद्वारा कमललाई प्रेषित पत्रमा २००६ साल माघ १० गतेको मिति उल्लिखित छ (विष्ट, २०६७, पृ. २२२)। अतः यस उपन्यासले मूलतः राणाकालीन अन्तिम प्रहरको सामाजिक संरचनालाई उद्घाटन गरेको छ। उपन्यासमा प्रस्तुति पाएका तत्कालीन नेपाली सामाजिक संरचनालाई पुष्टि गर्ने तथ्यहरूलाई निम्नलिखित उपशीर्षकहरूमा क्रमशः विश्लेषण गरिएको छ :

### मिश्रित ढाँचाको सामाजिक संरचना

प्रस्तुत उपन्यासले मुख्यतः काठमाडौँ र पूर्वी तराई मोरङको गौरीगन्जका साथै झापा, विराटनगर, धरान, वीरगन्ज तथा बाराको चैनपुर आदि विभिन्न क्षेत्रका सामाजिक संरचनालाई कार्यपीठिका बनाएको छ। तत्कालीन समयमा सहर कहलिएका तर पूर्ण सहरी ढाँचामा विकसित भइनसकेका ती क्षेत्रहरू वरपरका गाउँहरूले घेरिएका छन् जसले गर्दा त्यहाँको समाजस्वरूप मिश्रित ढाँचाको देखिन्छ। सहरी परिवेशमै पनि विकासनिर्माणले गति लिन सकेको छैन। त्यो राणाकालीन सामन्ती समाज लिङ्गीय, वर्गीय तथा जातीय भेदभावले ग्रसित छ। जनतामा चेतनास्तर न्यून छ भने आर्थिक रूपमा सबल रहेकाहरूले पनि न्यून चेतनामा जीवनस्तर उकास्न सकेका छैनन् (पृ.

१२३) । कमलका बाबुमा अर्थोपार्जनको चेत रहेको तर उसले आर्जन गरेको त्यस बेलाको त्यो वैभव परिचालनको फराकिलो चेत निर्माण हुन नसकेको देखिन्छ जसले गर्दा परिवारको जीवनस्तर उकासिन पनि सकेको छैन; आर्जित धनलाई समाजसेवामा लगाउने चेत प्रकट गर्न सकेको अवस्था पनि छैन र उसको पुँजी गरिबको जीवन उकास्नमा सहयोग हुने कुनै कर्ममा लगानी हुन सकेको पनि छैन । साथै, राज्यले जनतालाई उद्योगधन्दाको विस्तारमा धन उपयोग गर्न प्रेरित गर्ने वातावरण बनाएको पनि देखिँदैन । यसरी हुनेखाने कमलका बा जस्ताले आफ्नो गाउँठाउँका भूमिहीन किसान/अत्यन्त गरिबहरूले धान चोर्ने कुरामा पिरोलिएर रातभर रुङ्न तत्पर हुनु (पृ. १४५), छोरोलाई दाउनीको समयमा खलियानमा रातभर रुङ्न अह्राउनु (पृ. १७१) जस्ता उपन्यासमा प्रस्तुत प्रसङ्गमा बहुसङ्ख्यक आमजनताको दीनहीन अवस्था पनि मूर्त बनेको छ । त्यो वर्ग अल्पसङ्ख्यक प्रभुत्वशाली वर्गद्वारा सहजै अधीनस्थ रहेको छ ।

गरिबप्रति कत्ति पनि उदार हुन नसक्ने तत्कालीन सम्पन्न वर्ग धार्मिक आडम्बरमा भने सम्पत्ति खर्चनमा सन्तुष्टि अनुभव गर्दछ । कमलका बाका यस सन्दर्भका कृत्य उपन्यासमा यसरी वर्णित छ : “कमलकी आमाको स्वर्गवास भएपछि तिनैको नामबाट कालीमाईको सेवाको निम्ति दस बिघा भूमि गुठी राखिदिएका थिए । काठमाडौँबाट मन्दिर बनाउनेहरू झिकाएर काठमाडौँकै किसिमको मन्दिर तयार पारी त्यसमा ढलोटको मूर्ति बनाएका थिए उनले” (पृ. १३६) । यस प्रकार उनैद्वारा पुजारीसमेतको पनि व्यवस्थापन गरिएको त्यस कालीको मन्दिर त्यहाँका हिन्दू धर्मावलम्बी बासिन्दाका लागि धार्मिक आस्थाको धरोहर बनेको छ जसले तत्कालीन समाजको धर्मप्रतिको चर्को आस्था र लगावलाई पनि प्रकट गरेको छ । ग्रामीण परिवेशका आमजनता गरिबीको चरम हालतमा अन्धविश्वास र रूढिले झन् ग्रस्त छन् । तिनबाट गरिबी र चेतनाका अभावमा भएगरेका चोरीलगायतका कर्मलाई पूर्वजन्मको पापको कमाइ भन्ने कमलका बाको टिप्पणीलाई श्रीलाल यस प्रकार सहजै स्विकार्दछ : “ठिक हो खरिदार साहेब ! पुरवजनमेर भोग भोगवालागे” (पृ. १४०) । यसरी तिनले गरिबीलाई पूर्वजन्मको फल ठान्ने भाग्यवादी चिन्तन बोकेका छन्; चेतनाशून्य छन्; त्यही जीवनमा अभ्यस्त छन्; परिवर्तनको कामना सँगाल्ने वातावरण तिनले पाएका छैनन् ।

उपन्यासमा तत्कालीन राजधानी, तराई, पहाड, सबैतिर विद्यालयीय शिक्षाको लहर सुरु भएको सामाजिक अवस्था, सीमाञ्चल क्षेत्रका भारतीय निर्भरताका कृषिकर्म तथा व्यापारिक गतिविधिका साथै चाकरीप्रथामा अडेको जागिर र तज्जन्य विकृतिलाई पनि उद्घाटन गरिएको छ । त्यसै गरी पूर्वी तराईको परिवेशमा ग्रामीण क्षेत्रमा सवारी गाडा (पृ. १७०), भीमफेदी हुँदै चल्ने बस, अमलेखगन्ज हुँदै परवानीपुरतर्फ चल्ने रेल (पृ. २२), नेपाली सीमासँग जोडिएका जोगमनीतर्फको रेलसुविधा (पृ. ८०) सहरोन्मुख काठमाडौँमा हुनेखाने वर्गमा निजी मोटरको सुविधा (पृ. २९१), साइकलको प्रचलन, त्यस्तै, सम्पन्नले गाउँमा लालटिन बत्ती, सहरमा मट्टीतेल आदिले चल्ने बिजुली बत्तीको प्रयोग (पृ. २३९) आदिमा भौतिक विकास पछ्याउँदै गरेको सहरोन्मुख समाज मूर्त बनेको छ तथापि मूलधारमा रहेको खसआर्य जाति र हिन्दू धर्मसंस्कृतिबाट अनुप्राणित त्यो समाज धर्मसंस्कृतिका राम्रा पक्षको प्रवर्द्धनमा भन्दा पनि अन्धविश्वास, रूढिवादितामै अल्झिएको छ । तत्कालीन सामन्ती संरचनाको प्रशासनिक कामकारबाहीमा समेत लैङ्गिक विभेद, जातीय छुवाछुत जस्ता सङ्कीर्णता र विकृतिलाई नै टेवा दिइएको अवस्था छ । आम सर्वसाधारणका मुद्दामामिलाको छिनोफानो, दण्डविधान आदिमै प्रशासनिक सेवा सीमित छ (पृ. ८५ तथा पृ. २५०) । न्यायिक गतिविधिसमेत सामन्तहितमा केन्द्रित रहेको छ । यस प्रकार विकासनिर्माणको पूर्वाधार पर्याप्त नहुनु,

उद्योगधन्दाको स्थापना न्यून हुनु, व्यापारव्यवसाय कृषिजन्य तहमै सीमित रहनुले रोजगारीको अवसर ज्यादै सीमित हुनु, शिक्षादीक्षामा आमजनको पहुँच कम रहनु जस्ता परिप्रेक्ष्यसमेतको प्रस्तुतिमा तत्कालीन मिश्रित प्रकृतिको सामाजिक संरचनालाई उपन्यासले मूर्त बनाएको छ ।

## राजनीतिक सञ्चेतनाका गतिविधि

प्रस्तुत उपन्यासमा किशोरावस्थादेखि नै कमलमा भारतीय जनताको अङ्ग्रेजी सत्ताविरुद्धको आन्दोलनको प्रभाव, राणाशाासन विरुद्धको चेत, ताराको क्रान्तिकारी दृष्टिकोणको असर देखिन्छ र प्रजातन्त्रप्राप्तिको भूमिगत सङ्घर्षमा ताराको मोरङदेखि काठमाडौँसम्म नै निरन्तर सक्रियता, शासक पक्षबाट भएको उसको गिरफ्तारी जस्ता सन्दर्भसमेतले सात सालको क्रान्तिनिकटको राजनीतिक सचेतताको परिवेशले पनि प्रस्तुति पाएको छ (पृ.२८८) । राणाशासन अन्त्यको उद्देश्यमा क्रान्तिकारीका तर्फबाट विराटनगरमाताराद्वारा भूमिगत रूपमा सञ्चालित गतिविधि, पीताम्बरसँग राणासरकार विरुद्ध पर्चा भएको र क्रान्तिमा सक्रिय रहेको आरोपमा राणा पुलिसहरूद्वारा क्रान्तिकारीमाथिको निगरानी, 'सरकारको गाथगादी ताक्ने' आरोपमा पीताम्बरको घर घेराउ र गिरफ्तारी भएको वर्णन छ (पृ. ११४) । तारा रातारात भागेर तिरहुत (भारत) तर्फ प्रस्थान गरेको अवस्था छ (पृ. ११८) । त्यस्तै, पछिल्लो चरणमा काठमाडौँमा क्रान्तिकारी गतिविधिमा ताराको संलग्नताका क्रममा 'ख' र 'ग' श्रेणीका राणापत्नीहरूलाई केशशृङ्गारको सेवा प्रदान गर्ने तथा त्यससम्बन्धी तालिम दिने सन्दर्भमा उसले तिनीहरूसँगको हिमचिमको उपयोग गर्दै जरसाहेब र करसाहेबको मनको त्यो तहलाई हल्लाइदिने जसबाट तिनको मुर्दा चेत विक्षिप्त हुने र 'क' श्रेणीका मूलधारका शासकीय सत्ताका विरुद्धमा ब्युँझाएर तिनलाई जनमततर्फ आकर्षित गर्दै प्रजातन्त्रको सङ्घर्षमा क्रमशः तान्ने रणनीतिको उपयोग गरेकी छ (पृ. २६७) । कडा परीक्षाबाट गुज्रँदै क्रान्तिमा सङ्गठित हुने कार्यमा युवाहरूलाई संलग्न गराउनु जस्ता कार्यमा पनि ताराको सक्रियता रहेको देखिन्छ (पृ. २७७) । सत्ताविरोधी गतिविधिमा संलग्न रहेकोमा तारालाई तारो बनाउने क्रममा 'नेपाल पुकार' पत्रिकासहित राणाका आठपहरियाद्वारा कमलको गिरफ्तारी भएको छ (पृ. २७९) र अन्ततः बौद्धबाट तारा पनि गिरफ्तार भएकी छ (पृ. २८८) । उपन्यासमा प्रस्तुत यस्ता घटनाक्रमहरूले राणाशासनको अन्तिम प्रहरको आन्दोलनलाई जीवन्त बनाएको छ । यसबाट जनस्तरमा विभेदयुक्त समाज परिवर्तनका निमित्त शिक्षामा पहुँच राख्ने युवाहरूमा राजनीतिक सञ्चेतना निर्माण हुँदै गएको अवस्थाले पनि प्रस्तुति पाएको छ ।

## शैक्षिक गतिविधि

प्रस्तुत उपन्यासमा मुलुकमा भर्खरै चलमलाउँदो शैक्षिक गतिविधि पनि मूर्त बनेको छ । तत्कालीन सामाजिक संरचनामा निमुखा जन शिक्षाबाट पूर्णतः वञ्चित रहेको र उच्चवर्गीय राणाका सन्तानलाई दरबारमै शिक्षक झिकाएर शिक्षा प्रदान गरिने परिपाटीसँगै बल्ल दरबार हाइस्कुलको स्थापना भएपश्चात् विद्यालयीय शिक्षाको प्रारम्भ भएबाट मध्यमवर्गीय जागिरदार तथा भाइभारदारका छोराहरूले भने विद्यालयीय शिक्षामा पहुँच राख्न थालेको अवस्था उपन्यासमा उद्घाटित छ । तारा स्वयं सङ्घर्षशील जीवनपथमा अगाडि बढ्दै भारतको मुजफ्फरपुरमा रहेर हाइस्कुलको पढाइ पूरा गरी कलेजको छात्रा रहेर, अनि सत्याग्रही हुँदै विद्यालयकी मास्टर्नी साहेबको रूपमा स्थापित हुन सकेकी छ । तत्कालीन नेपाली सामाजिक संरचनाको परिवेशमा नारीले विरलै प्राप्त गर्ने पहिचान ताराको देखिन्छ । त्यस्तै, कमल अध्ययनरत रहेका काठमाडौँ र विराटनगरका

हाइस्कुलहरूको मात्र नभई दाङ, पहाडी सल्यान तथा तराई झापाका विद्यालयहरूको चर्चा पनि उपन्यासमा रहेको छ। सल्यानको तत्कालीन पाठशालाको र पठनपाठनको अवस्था कमलको अभिव्यक्तिमार्फत प्रस्तुत छ (पृ. ५)। त्यहाँ पीपलको ठुलो रुखमुनि स्कुलको रूपमा खडा गरिएको खरको टहरोमा कक्षा सञ्चालन र घडीको अभावमा छायाका आधारमा समय हेर्ने जस्ता प्रसङ्गसँगै विद्यालयको नाजुक आर्थिक स्थिति तथा तत्कालीन घोकन्ते शिक्षापद्धति पनि मूर्त भएको छ। अझ "त्यति बेला भित्तामा ठड्याएको त्यो निगालाको हरियो छडीले उनीहरूको हातको रगत चुस्न थाल्यो, पिडौँलाको रगत चुस्न थाल्यो र पिँठ्यूको रगत चुस्न थाल्यो" (पृ. ६) ले साना बालकप्रति शिक्षक निर्मम रहने तत्कालीन दण्डपद्धतिको त्रासमय शैक्षिक वातावरणलाई प्रकाश पारेको छ। पहाड तथा तराई परिवेशका तत्कालीन सहरोन्मुख गाउँमा भर्खरै खुल्दै गरेका भौतिक पूर्वाधारविहीन विद्यालयहरू, अदक्ष शिक्षक, शिक्षककेन्द्रित शिक्षा पद्धतिसमेत उपन्यासमा सङ्केत भएको छ (पृ. ७)। त्यस्तै, विराटनगरअन्तर्गतको सहरी स्कुलमा अध्यनरत रहँदा पनि कमलले शिक्षाको महत्त्व कम आँक्ने सामाजिक सोचबारे यस्तो अनुभूति सँगालेको छ :

> मानौँ त्यो स्कुल नभएर उकुसमुकुसको डेरा होओस्। उसलाई लाग्छ दरभङ्गाबाट त्यहाँ फिँजिन आइपुगेका काइते मास्टरहरू पनि उकुसमुकुसले थिचिएझैँ। निजामती एघार पास भई जागिर भेट्टाइने चाकरीलाई डिग्री मानिने त्यस युगमा स्कूलको महत्त्व नै के ! न जागिरदारको आँखा परेको छ, न कैयाँहरूको आँखा परेको छ त्यस स्कुलमा। लावारिस, बिरानो, शून्य र टुहुरोझैँ त्यो स्कुल भित्रभित्रै गुम्सिरहेको दरिद्र रोगीको अनुहारझैँ लाग्छ। (पृ. १००)

विद्यालय हुँदैमा र भारतबाट शिक्षक झिकाइँदैमा शैक्षिक वातावरण उत्साहप्रद हुन नसकेको तथ्य उक्त उद्धृतांशमा अभिव्यक्त छ जसले विराटनगर सहरमै पनि शिक्षामा भन्दा चाकरीप्रथाको जागिरमा र व्यापारमा रम्ने समाजले शिक्षाको आवश्यकता र औचित्य नपहिल्याइसकेको अवस्थालाई उद्घाटन गरेको छ। तत्कालीन देशको राजधानी तथा सहरोन्मुख सामाजिक संरचनामा चल्मलाउँदै गरेको चेतनाको लहरलाई पनि उपन्यासले समेटेको छ। सहरी परिवेशमा पुस्तकालयको महत्त्व बुझ्ने जनमानसको विस्तार हुन थालेको स्थितिसँगै नाट्यकला, बहसकेन्द्र आदितर्फको जनअभिरुचिका सन्दर्भले उपन्यासमा तारा र कमलका माध्यमबाट प्रस्तुति पाएको छ (पृ. १०८)। पत्रपत्रिकाको अध्ययनमा पहुँच राख्नेहरूले भारतीय आन्दोलनका बारेमा मात्र होइन, हिटलर, मुसोलिनीका बारेमा पनि चासो राख्न थालेका र राणाहरूको तख्ता पल्टाउने विषयसमेतमा चर्चा-परिचर्चा गर्न थालेका छन् (पृ. ४१)। यस प्रसङ्गले तत्कालीन समाजमा चेतनाविस्तारको क्रमिक स्थितिलाई प्रकट गरेको छ। देशबाहिरको परिवेशमा उठबस गर्न पाएका कल्पनाका बाबु जो दोस्रो विश्वयुद्धका लडाकु रहेको र तारा जसले भारतीय परिवेशमा शिक्षा प्राप्त गर्ने अवसर पाएको हुँदा तिनको चेतनाको स्तर उच्च देखिन्छ। ती निरङ्कुश राणाशासनका विरुद्धमा आवाज उठाउन सक्ने तहमा छन्।

**प्रशासनिक स्थिति**

प्रस्तुत उपन्यासले राणाकालीन सामन्तवादी सामाजिक संरचनामा विद्यमान शासनव्यवस्थाको प्रशासनिक कामकारबाही उच्चवर्गकै हकहितमा केन्द्रित रहेको तथ्यलाई मूर्त बनाएको छ। प्रशासनिक जागिरमा पहुँच राख्ने र जागिर टिकाउने एउटै आधार चाकरी रहेको र त्यस सामाजिक

संरचनासँग चाकरीप्रथाको गहिरो सरोकार रहेको अवस्थालाई कमलका नातागोतामा रहेका सदस्यहरूको जागिरको सन्दर्भले प्रस्ट पारेको छ। निजामती एघार पास भए जागिर भेट्टाइने र चाकरीलाई डिग्री मानिने त्यस युगमा शिक्षा आर्जनको महत्त्व क्षीण रहेको देखिन्छ (पृ. १००)। त्यस्तै, जागिरे बन्न, बढुवा वा खोसुवामा पर्न शैक्षिक योग्यता र क्षमताभन्दा भनसुन र चाकरीको मात्रा प्रमुख मापक हुने अवस्था छ। श्री ३ आठपहरियालाई टेरपुच्छर नलगाएकामा सुब्बा होमबहादुरको जागिर खोसिएको छ (पृ. १०)। लप्टन बमबहादुर जिल्लाका बडाहाकिमको चाकरीमा जानु उसको जागिरे जीवनको नियमित दिनचर्या रहेको छ (पृ. ५९)। हाकिम रिझाएरै वीरगन्जबाट काठमाडौँमा पुलिस गोस्वाराको हाकिम सुब्बामा बमबहादुरको सरुवा-बढुवा भएको छ (पृ. २०७)। काठमाडौँ आएपछि पनि राम्रो चाकरीले उसले शासकको कृपादृष्टि पाइरहेको प्रसङ्ग उपन्यासमा यस्तो रहेको छ : "पुलिस गोस्वाराका सुब्बासाहेब उसको ससुरालाई श्री ३ महाराजको दरबारमा पहिलो चोकसम्म चाकरी खुला छ। त्यो चोकमा तेस्रो श्रेणीका भाइभारदारसम्मलाई मात्र आउने हुकुम छ। त्यो एउटा ठुलो इज्जतको कुरा हो" (पृ. २०८)। त्यस्तै, आफूद्वारा सरकारी जागिर रहँदा भनसुन गरेर कमलका बाले माहिला मामा हर्कबहादुरलाई कलैयामा अमिनीको बिचारी पदमा जागिरे लगाइदिएको र तहबिल मसोट मुद्दामा उसको झ्यालखानामा बास हुन लाग्दा पनि बचाएको अवस्थामा मुद्दामामिलामा भनसुन र रकमको खेललाई पनि प्रकट गरिएको छ। पजनीमा डिठ्ठा खरिदार बन्ने मनसायले चाकरीका निमित्त हर्कबहादुर काठमाडौँ धाएको अवस्थामा पनि जागिरमा टिक्नका लागि हुने भनसुन र चाकरीको तत्कालीन प्रशासनिक स्थिति मूर्त भएको छ। विवाहपश्चात् लिचुमैयाँले कमलको ध्यान जागिरतर्फ मोडिदिनु, ऊ ऐनस्रेस्ताको पुस्तक पल्टाएर अदालती बन्दोबस्त र स्रेस्ता घोकेर कण्ठस्थ पार्नमा तल्लीन हुनु, उदेकलाग्दो रूपमा चाकरीमा संलग्न रहनु उसको दिनचर्या बनेको चर्चा गरिएको छ (पृ. २०८)। यस सन्दर्भको प्रस्तुतिमार्फत चाकरीप्रथागत विकृति उद्घाटन गरिएको छ। त्यससँगै राणाकालीन समाजव्यवस्थामा सीमित व्यक्तिहरू मात्र रोजगार रहने र जीवनस्तर उकास्न पाउने अवस्थामा जागिरे बन्नु ठुलो गौरव भएको तथ्य जागिरेहरूको जीवनावस्थाद्वारा प्रकट गरिएको छ।

### आर्थिक गतिविधि

प्रस्तुत उपन्यासले तत्कालीन समाजको मूलतः कृषिमा आधारित अर्थोपार्जनका गतिविधिमाथि प्रकाश पारेको छ। केही सीमित नेपाली जन भने जागिरको आकर्षणमा राणाकालीन चाकरीप्रथाको प्रशासनिक संरचनामा अमिनीमा बिचारी, तहबिल खर्दार, पुलिस गोस्वारामा सुब्बा आदि पदमा जीविकोपार्जनका लागि संलग्न रहेको अवस्थालाई उपन्यासले प्रकट गरेको छ। उपन्यासमा प्रस्तुत कमलका बाको खेतीपातीमा संलग्नताको प्रसङ्गले तत्कालीन तराई परिवेशमा भूमिमा लगानी गर्न र खेतीपातीमा खट्न सक्दा राम्रो आम्दानी गर्न सक्ने स्थितिलाई उद्घाटन गरेको छ। कमलका बाले पारि मुगलानबाट खेप गर्न आएका मुसलमान व्यापारीहरूलाई धान बेचेर प्रशस्त आम्दानी गर्न सकेको छ (पृ. १६२)। यस सन्दर्भले तराईको आर्थिक गतिविधिमा भारतीय मारवाडी तथा मुसलमानको सक्रियता रहेको तथ्यलाई पनि प्रकट गरेको छ जसमा तराई परिवेशमा भारतीयले पनि नेपालमा श्रमबजार पाएको तथ्यसँगै कमलका बाले भारतबाट नेपाल आएर त्यस समयमै व्यापारमा जम्न सकेका मारवाडीले झैँ हैसियत बनाउन सकेको यथार्थ पनि प्रकट छ। यसरी जागिरको आम्दानीमा चित्त नबुझाएर नरेन्द्रका बाले जागिर छोडी खेतीपातीकै बाटो समाएको स्थिति छ (पृ. १२३) र सयौँ बिघाको मालिक हुन सकेको अवस्था छ (

पृ. १३) । श्री ३ को आठपहरियालाई टेरपुच्छर नलगाएकाले पजनीमा जागिर खोसिएका कमलका ठुलाबाले मुद्दामामिलामा सल्लाह लिनेहरू र वादी-प्रतिवादी लेखाउनेहरूलाई सेवा प्रदान गरी आर्थिक स्थिति खस्किन दिएको छैन (पृ. १०) । कमलका ससुराले जागिरबाटै आफ्नो आर्थिक स्थिति सुदृढ बनाएको छ (पृ. ५८) । यसरी उसले मध्यमवर्गबाट उठेर उच्चवर्गको जीवन धान्न सकेको स्थिति छ ।

उपन्यासमा प्रस्तुत कल्पनाका बाबु मेजर वीरसिङ थापा जीविकोपार्जनका निमित्त पराई भूमिमा, पराइ स्वार्थका लागि दोस्रो महासमरमा होमिएको सन्दर्भमा सत्ताधारी राणासरकारको बलिको बोका हुनुपरेको नेपाली पीडा प्रस्तुत भएको छ (पृ. १६३) । लडाइँबाट फर्किएर आएपछि उसको जागिर खोसिएको, पेन्सन नभएको, अङ्ग्रेज सरकारबाट लडाइँमा जानेहरूलाई बाँड्ने भनेर दिएको सारा रुपियाँ श्री ३ को ढुकुटीमा दाखिला भएको जस्ता सन्दर्भले तत्कालीन शासकीय आर्थिक अपचलनका गतिविधिलाई पनि प्रकट गरेको छ (पृ. १८७) । त्यसै गरी राणाशासनको दुष्चक्रमा पिल्सिएका अति गरिब नेपाली किसानहरू परदेसिँदै युद्धमा तोपको आहार बन्न विवश हुनुपरेको मार्मिक अवस्था पनि उपन्यासमा उद्घाटन भएको छ (पृ. १२०) जसमा आम सर्वसाधारणको आर्थिक बाध्यताजन्य परिस्थिति पनि प्रकाशमा आएको छ ।

कलकत्तामा हुँदा कपाल बाट्ने कला सिकेकी ताराले त्यही सिपको उपयोग गर्दै राणा जरसाहेब र करसाहेबका कपालका सौखिन श्रीमतीहरूलाई सेवा प्रदान गर्ने र तिनलाई सिप सिकाउने गर्दै आयआर्जन गर्न सकेको देखिन्छ । त्यही सिपले कलकत्ता र काठमाडौँलाई पानीपँधेरो बनाउन ऊ सफल भएकी छ (पृ. २६७) । त्यस्तै, तिरहुते आएर नेपालीको खेतमा ज्यालादारीमा काम गरी कैयन् रुपैयाँ आर्जन गरी फर्केका देखिन्छन् (पृ. १४०) । यसरी नेपाल त्यत्तिखेरै भारतीयका लागि अर्थोपार्जनको थलो बनेको छ । चलायमान हाटबजारका आर्थिक गतिविधिले पनि उपन्यासमा अभिव्यक्ति पाएको छ । गौरीगन्जमा लाग्ने हाटको दिन पुजारीद्वारा प्रत्येक बनियाँका चामलको थुप्रोबाट एकएक अँजुली चामल उठाउनु, तरकारी बजारतिरबाट तरकारी भाग उठाउनु जस्ता सन्दर्भमा बनियाँतर्फको विवशता र दुःखेसोका अनुभूतिले उपन्यासमा प्रस्तुति पाएको छ (पृ. १३८-३९) । त्यस परिप्रेक्ष्यमा हाटे व्यापारमा संलग्न रहने साना व्यापारीहरू जबर्जस्ती 'भाग' उठाइने सन्दर्भले पिरोलिनुपर्ने अवस्था त छँदैछ, अन्ततः त्यसको असर कृषकले आफ्नो कृषिउब्जनीको मूल्य कम पाउने र उपभोक्ता पनि ठगिने अवस्थाले निम्नवर्ग जहिले पनि मर्कामा रहने विषय उपन्यासमा जीवन्त भएको छ । तत्कालीन तराई परिवेशको ग्रामीण सामाजिक संरचनामा आर्थिक रूपमा सबल हुनेखाने वर्ग पनि बारम्बार डाँकाको लुटाइबाट आक्रान्त छन् (पृ. १०४) । यसरी आर्थिक सन्दर्भसँग जोडिएको डकैतीको निर्मम प्रहारको शारीरिक हिंसाले पनि त्यहाँका जनता आक्रान्त हुने अवस्था छ । हरेक कालखण्डको प्रत्येक समाजिक संरचनामा महँगी बढेसँगै पैसाको अवमूल्यन हुने तथ्यले पनि उपन्यासमा प्रस्तुति पाएको छ (पृ. ८०) । साथै, के गाउँ, के सहर जुनसुकै परिवेशमा देखिने शोषण, डकैती, घुसखोरी, कालोबजारीले आक्रान्त अस्वस्थ आर्थिक वातावरण पनि उपन्यासमा उद्घाटित छ ।

**वर्गीय सम्बन्ध**

उपन्यासमा वर्गीय भेदले आक्रान्त नेपाली समाज मूर्त बनेको छ । बाबुको अनुपस्थितिमा खेत खलियानमा गरिब किसानहरूबाट हुने चोरीचकारी रोक्न कामद हेर्ने जिम्मा पाएको कमलले आर्थिक

परिप्रेक्ष्यको निम्नवर्गीय जीवनदशालाई साक्षात्कार गर्नुपर्दाको कटु अनुभूति सँगालेको छ (पृ. १७३)। कमल जस्तो हुनेखाने परिवारका सदस्यद्वारा आर्थिक सम्बन्धमा गरिने कहिलेकाहीँको सहयोगले केही राहत पाए पनि दैनन्दिन आर्थिक कठिनाइमा पिल्सिएका नूनिया जस्ताको जीवन सधैँ कठिन रहने तथ्यले उपन्यासमा यसरी अभिव्यक्ति पाएको छ : "मूलबाटोलाई छोडेर सय डेगजति हिँडेपछि कैयन् चाउरिएका काला र रोगी अनुहारले ऊ छोपिन्छ। आपत्‌को पन्जाले निचोरिएझैँ एकै ठाउँमा भेला भई मोर्चाबन्दी गरिरहेको ती अनेकन् टाउकाबाट निस्किएका खलबल र गङ्गा नूनियाको घरको भित्ताभित्ताबाट हामफालिरहेको रुवाइ" (पृ. १७३)। यसरी गरिबीको पराकाष्ठामा रोगभोकले ग्रसित अति निम्नवर्गको यस्तो स्थितिले ती अर्थव्यवस्था मिलाउन सानातिना चोरीचकारी, ढाँटढुँटतर्फ लाग्न विवश देखिन्छन्। कमलका बा जस्ता सबल आर्थिक हैसियत हुनेले आफूमा आश्रित रहेका निम्नवर्गको जीवन सुधार्न थोरै भए पनि अर्थ लगानी गर्ने र आपत्‌विपत्‌मा सहयोग गर्ने तत्परता देखाएको छैन, बरु त्यस सामन्ती सामाजिक संरचनामा नातासम्बन्धलाई बढी महत्त्व प्रदान गर्दै आर्थिक सहयोग गरेको देखिन्छ। कमलका बासँग उसको जेठानले पटकपटक आर्थिक लाभ उठाएको छ (पृ. १७०)। यस सन्दर्भले पनि वर्गीय भेदभावपूर्ण आर्थिक सम्बन्धलाई मूर्त बनाएको छ।

सम्पन्न परिवारमै पनि महिला आर्थिक सम्बन्धमा पूर्णतः पुरुषमा आश्रित देखिन्छन्। नोटका बिटाहरूलाई रुमालमा तह लगाउँदै कमलको बाले भनेको छ, "जा न के हेरिरहेकी ... तँलाई रुपियाँ चाहिँदैन ? उसका पनि त आमा छन्, दाजु छन्। पठाउनै पर्ला" (पृ. १६४)। यसरी कमलका बाले आफूद्वारा पूर्णतः अपहेलित र अलगै भान्छामा रहेकी भए पनि आफूमा आश्रिता ठानी कान्छी स्वास्नी कल्पनालाई खर्च छुट्याउने तत्परता देखाएको छ। यसरी आर्थिक निर्णयको सम्पूर्ण अधिकार घरमूली पुरुषका हातमा हुने पुरुषसत्ताको त्यस सामन्ती सामाजिक संरचना कमलकी ठुली माइजू जेठकी मालकिनका सन्दर्भमा पनि उपन्यासमा अभिव्यक्ति पाएको छ। आर्थिक सम्बन्धमा हुने लैङ्गिक उत्पीडनका अनुभूति विधवा जेठकी मालकिनका अभिव्यक्तिमा यसरी प्रकट भएको छ : "त्यत्रो जिमीदारी र नम्बरी जग्गा देवरहरूले खोसेर लिँदा फिस्सबराबर मानिन" (पृ. ५३)। अर्थ र सम्पत्तिको स्वामित्वका सन्दर्भमा परिवारमा विधवा महिलामाथि हुने थिचोमिचो र उत्पीडन उक्त अभिव्यक्तिमा प्रकट छ। एकल जीवन आफ्नै पाखुरीबल र स्वाभिमानमा सङ्घर्षरत हुँदै झेलिरहँदा पनि जेठकी मालकिन आत्तिएको देखिँदैन तर आर्थिक अधिकारका लागि लडेको पनि देखिँदैन। यस सन्दर्भले आर्थिक सम्बन्धलाई लिएर तत्कालीन सामाजिक संरचनामा आममहिलाहरूमा आफ्नो हकअधिकारप्रतिको सचेतता, प्रतिरोध चेत अनि मुद्दामामिलाको कानुनी लडाइँ लड्ने अवस्था नरहेको स्थितिलाई प्रकट गरेको छ।

## सांस्कृतिक संरचना

राणाकालीन सांस्कृतिक आयामका बहुविध पाटाहरूको कलात्मक प्रस्तुति एक *पालुवा अनेकौँ याम*को वैशिष्टय बनेको छ। उपन्यासले समेटेको पहाड, काठमाडौँ उपत्यका र तराईको व्यापक सांस्कृतिक परिवेश खसआर्य जाति र हिन्दू धर्मसँग सम्बद्ध छ। उपन्यासमा कमलसम्बद्ध हुँदै छैँटी, न्वारान, पास्नी जस्ता जन्मगत कर्म (पृ. ६६) तथा तेह्र दिने मृत्युकर्मको चर्चा (पृ. १०), दुर्गाकवच, कौमुदी र अमरकोशका श्लोकहरू घोकाउने प्रचलन (पृ. ४), त्यसै गरी कमलले डबलीमा गएर पुराण सुन्ने, सुत्ने बेलामा बाबुको खुट्टा मिच्ने, ठुलीआमाले भागेर विवाह गरेका कारणले उनको भातभान्छा नचल्ने हुँदा ठुलीआमाका घरमा रहँदा बाबुलाई भात पकाएर खुवाउने

(पृ. १०), त्यसरी नै उसले ठुलोबुबाका घरमा पनि नुहाइधुवाइ गर्ने, चोखो पानी ल्याउने, धोती फेरेर भात पकाउने जस्ता परम्परित कर्महरूलाई संस्कारवश नै निरन्तरता दिएको देखिन्छ (पृ. ६४) जसमा हिन्दू धर्म, संस्कृति सजीव बनेको छ। हिन्दू संस्कृतिमा ज्यादा चर्चामा रहने दसैं पर्वका रीतिथितिले पनि उपन्यासमा यथास्थान चर्चा पाएको छ। उपन्यासमा कमलकी आमा ज्वरोले आक्रान्त भएको प्रसङ्गमा अन्धविश्वासमा हुने अलमल तथा खर्च गर्नसक्नेले पनि राम्रा डाक्टरको अभावमा औषधोपचार नपाउने र जटिल रोगको पहिचान नै नभई मृत्युको मुखमा पुग्ने तत्कालीन अवस्था प्रकाशमा आएको छ (पृ. १२०)। त्यस्तै, उपन्यासमा प्रस्तुत 'मोरङ्गियाहरूको भूतपिसाचमाथिको विश्वास' (पृ. १५३) तथा राजेश्वरीलाई बिहेका लागि आफूतर्फ आकर्षित गर्ने हरप्रयासमा कमलका बाले उसलाई मन्तरेको पेडा खुवाएको प्रसङ्ग (पृ. ३१) आदिमा तत्कालीन समाज धामीझाँक्री, भूतप्रेत, तन्त्रमन्त्र, भाकल जस्ता अन्धविश्वासले ग्रस्त रहेको अवस्था उद्घाटित छ।

कमलका बाले कमललाई माइजू र आमामा केही फरक छैन भनेर कमलकी जेठी माइजूलाई जिम्मा लगाएकोमा माइजूले उदार हृदयले सम्पूर्ण वात्सल्य भान्जामा पोखेको कुरा उपन्यासमा यसरी प्रस्तुत छ, “सातवटा बाहुनलाई खुवाउनु र एउटा भान्जालाई खुवाउनु बराबरै पुण्य पाइन्छ भन्ने नेपाली बुढापाकाका मुखबाट निस्केको कुरालाई तिनले कहिले भिन्नता हुन दिएकी थिइनन्” (पृ. ८२)। कमलमा निर्मित यस अनुभूतिको संरचनामा लेखक स्वयंको जीवनसँग जोडिएको आत्मिक संस्कृतिले प्रस्तुति पाएको छ (प्रसाईं, २०६०, पृ. ५८)। त्यसै गरी छोरो जन्मेको खुसियालीमा कमलका बाले पञ्चबलि दिनु, विशेष रुद्री पूजा लगाउनु, त्यस समयमै रु. ५०० तिरेर बीस हाते लामो चिना बनाउनु, यसरी सामाजिक अन्धविश्वासलाई परम्पराका नाममा परिपालना गर्न सकेकोमा उसले गर्वबोधको अनुभूति सँगाल्नु आदि धार्मिक रूढिजन्य गतिविधिसहित फजुल खर्चको सामाजिक आडम्बरको प्रस्तुति उपन्यासमा रहेको छ (पृ. २२)। यस अनुभूति लेखक आफू जन्मँदाको सन्दर्भसँग सम्बद्ध छ (प्रसाईं, २०६०, पृ. २२) जसमा पुरुषसत्ताको सामाजिक संरचना जीवन्त बनेको छ।

प्रस्तुत उपन्यासमा तत्कालीन सम्भ्रान्त वर्ग कहलिने राणाखानदानको दरबारिया शैलीको देखासिकी गर्ने भारदारको विलासीमय जीवनशैली लप्टन बमबहादुरको परिवारका प्रसङ्गमा मूर्त भएको छ, जसमा संस्कृति प्रसारणको पक्ष सजीव बनेको छ। बा, आमा, भात, खाजाका सट्टामा क्रमशः बुबा, मुमा, भुजा, चमेना जस्ता शब्दहरूको प्रचलन, लवाइका आधारमा गरिने वर्गीय भेदभाव, राजसी ठाँटबाटको पारिवारिक आडम्बरको प्रदर्शन (पृ. ५८), चिया खाने-खुवाउने प्रचलन नरहे पनि घरमा आएका जोकोहीलाई चियाले सत्कार गरिनु, श्रीमतीलाई फोन उपलब्ध हुनु, घरमा रेकर्ड गीत घन्किनु जस्ता आधुनिक कहलिने मोह र हैसियत त्यस परिवारले प्रकट गरेको छ। सुसारे, भान्छे बाहुनीलगायतको सेवा लिँदै, विभिन्न ढाँचाका लुगा, गहना फेर्दै र अनुहार तथा शरीरलाई सिँगार्दै बाह्य व्यक्तित्वको चकमदमक प्रकट गर्नमै सीमित हुनु, दिन व्यतीत गर्न तास खेल्नुलाई अभिजात्यपन ठान्नु, इष्ट देवीदेवताको नियमित पूजाआजापछि पतिको खुट्टाको बुढीऔँलाको जल नियमित खानु, पतिले भुजा ज्युनार गरेपछि त्यही थालमा आफूले खानु, पतिको सेवाटहलमा समर्पित हुनु जस्ता महिलाका दैनिक गतिविधि (पृ. ५९) का साथै पछिल्लो पिँढीमा पतिव्रता धर्म संस्कारोचित धर्मका रूपमा हस्तान्तरित भएको अवस्थाले पनि उपन्यासमा प्रस्तुति पाएको छ (पृ. २४५)। धर्मकर्मको परिष्कारमा कसैको ध्यान देखिँदैन। अझ कमलकी सौतेनी आमा

च्यान्टीद्वारा आफूलाई पतिव्रता, धर्मप्रति चरम आस्थावान् र सतीसाध्वी देखाउने स्वाङका गतिविधि प्रकट भएका छन् (पृ. १३०)। यस प्रकार पितृसत्ताप्रदत्त रूढिवादी प्रचलनलाई आँखा चिम्लेर अनुमोदन गर्नमा सहरोन्मुख समाजका उच्चमध्यम वर्गीय परिवारकै नारी सदस्यहरू तल्लीन छन्।

प्रस्तुत उपन्यासमा आत्मिक संस्कृतिसम्बद्ध भौतिक संस्कृतिका विविध सन्दर्भहरूले पनि प्रशस्त अभिव्यक्ति पाएका छन्। राजधानी काठमाडौँ, पहाड तथा तराईका तत्कालीन परिवेशका सामाजिक संरचनामा भौतिक संस्कृतिलाई मूर्त बनाउने पहिरन, खानपिन सरसामान आदिको चर्चा उपन्यासमा रहेको छ। पहाडमा धोती-भोटो (पृ. ५), काठमाडौँमा बुढापाकाले घरबुनाको भोटो-सुरुवाल, डम्बर कुमारीको खास्टो (पृ. २), तराईको सहरी परिवेशमा धोती, कुर्ता र कमिज (पृ. २४), अझ सम्पन्नले सिलेक्सनको टोपी, बेलायती कास्मिराको कोट, रेसमी मयलपोस सुरुवाल र ब्यारेटको जुत्ता, घरका स्वास्नीमान्छेले नयाँनयाँ सारी-ब्लाउज (पृ. ५८), बनारसी सारी-बाकँटे चोलो (पृ. ६५), मयलपोस-सुरुवाल, कुर्ता-पाइजामा (पृ. ८) र पेन्ट र कमिज (पृ. ४०) धारण गर्ने प्रचलनले तत्कालीन सामाजिक संरचनामा हुनेखानेको विविध पहिरनप्रतिको रुचि प्रकट भएको छ। त्यस्तै, महिलाहरूका शृङ्गारविशेषमा आँखामा गाजल, कपालमा जुरो बनाई मसक्क कालो जालीले बाँध्नु (पृ. ८), विवाहित महिलाले सिउँदो रातो सिन्दुरले भर्नु, नाडीभरि नयाँनयाँ काँचका चुरा लगाउनु (पृ. १७), अलक बाट्नु, गालामा लाली, अनुहारमा पाउडर दल्नु (पृ. ६९-७०) जस्ता उपन्यासमा प्रस्तुत प्रसङ्गमा महिलाहरूको शृङ्गाररुचिको भौतिक संस्कृतिको मोह प्रकट भएको छ। त्यस्तै, भान्छामा कहिल्यै माछामासु नटुट्ने, काठमाडौँका हलुवाइ पसलमा बर्फी, बम्बइसन पेडा, जिलेबी, स्वारी जस्ता मिठाइ पाइने (पृ. ८) प्रसङ्गले सम्पन्न वर्गको विशेष खान्कीको संस्कृति पनि प्रकाशनमा आएको छ।

यस प्रकार उपन्यासमा भौतिक एवम् आत्मिक संस्कृतिले प्रस्तुति पाएको छ। त्यसमार्फत तत्कालीन मूलधारमा स्थापित हिन्दू धर्मनिष्ठ सांस्कृतिक संरचनाको उद्‌घाटन हुनुका साथै सामन्तवादी भेदभावयुक्त सामाजिक संरचना पनि मूर्त बनेको छ।

### जातीय सम्बन्ध

तत्कालीन जातीय भेदभावयुक्त सम्बन्धको सामाजिक संरचनालाई प्रस्तुत उपन्यासमा जेठा बाजे, सहरकी ठुलीआमा, मकवानपुरे आमा आदिका व्यवहारपद्धतिद्वारा मूर्त बनाइको छ। जातीय आचरणको परिपालनालाई महत्ता प्रदान गर्ने सामाजिक संरचना उपन्यासमा कमलका सन्दर्भद्वारा यसरी प्रस्तुत भएको छ : “ऊ हरेक दिन एकाबिहानै उठेर नुवाइधुवाइ गरी जेठा बाबुको निम्ति चोखो पानी ल्याउँछ। फेरि एक चिलिम तमाखु वा गाँजा जेठा बाबुको हातमा टक्रचाएर चोखो धोती फेरी भात पकाउन बस्छ” (पृ. ६४)। त्यस्तै, भान्छे बज्यैद्वारा भात पकाइनु, भान्छामा पिर्कामा बसेर भात खानु जस्ता जातीय कर्म (पृ. २६), लिचुमैयाँका सन्दर्भमा उसकी आमाको “न्वारान नभए त्यसको हातको पानी कसैले खाँदैन, ऊ समाजमा हेला भइरन्छे” (पृ. २३७) भन्ने भनाइ आदि जस्ता उपन्यासमा अभिव्यक्त प्रसङ्गहरूमा पनि तत्कालीन समाजमा खसआर्य जातिका भात-पानीका सम्बन्धमा प्रकट विभेदको संस्कृति सजीव बनेको छ। त्यस्तै, रोकिएको पढाइलाई अघि बढाउन जेठा बाजेका साथ काठमाडौँ आएपछि कमलले भातभान्छामा भेदभाव बेहोरेपछि आफ्ना बा बाहुन र नेवार्नीको ठिमाहा हुन् भन्ने कुरा थाहा पाएको छ (पृ. ७)। उसले काँधमा जनै भिरेर पनि भान्छामा

तल ओर्लेर गाँस टिप्नुपर्ने अवस्था छ । कमलकी ठुलीआमाको जातपातबारेको धारणा उपन्यासमा यसरी अभिव्यक्त छ :

> उसकी ठुली आमाको ठुलोबासँग गान्धर्वविवाह भएको हो । त्यसैले तिनको हातले पकाएको भात उसलाई र कमलका बालाई चल्दैन । आफू पोइल आएकी भए तापनि जातभातको मामिलामा तिनी विवाहित स्वास्नीमान्छेभन्दा पनि चर्को छिन् । छोरालाई आमाबाबुको हातको भात खान दिएन भने आमाबाबुको जातभन्दा छोराको जात ठुलो हुन्छ भन्ने अरू खसहरूझैँ तिनको पनि धारणा छ । (पृ. ११)

जनै लगाइसकेको अर्थात् व्रतबन्ध भइसकेको हुँदा कमलले जातीय धर्म कट्टरतापूर्वक निर्वाह गर्नुपर्ने बाध्यता छ । जनै नलगाएका उसका साना भाइहरूलाई त्यो बन्देज छैन । साथै, तरकारी चले पनि दालभात नचल्ने जात र भातको चर्को सम्बन्धको तत्कालीन ब्राह्मणवादी संस्कृति पनि उपन्यासमा प्रकट भएको छ । त्यस्तै, निख्खर जातीय हैसियत हुनुमा गर्व गर्ने सामाजिक मानसिकता प्रस्तुत उपन्यासमा राजेश्वरीका सन्दर्भमा पनि प्रकट छ । राजेश्वरीसँगै बिहे गर्न धरपकड गरेका कमलका बाले आफ्नो रहर पूरा गर्न नपाउनुमा जातपातकै कुरा मुख्य रूपमा देखिएको छ । मकवानपुरे आमाको जातीय चिन्तन उपन्यासमा जेठकी मालकिनमार्फत यसरी प्रकट छ : "त्यो साहेबज्यूको जुत्ता बोक्ने ड्राइभरको जात हजुर-हाम्रो भन्दा माथिल्लो छ रे ! हामी ल्याइतेपट्टिका सन्तान रे, ऊ विवाहित पट्टिकी रे !" (पृ. ३३) । यसरी राजेश्वरी बिबाहितेपट्टिको सन्तान हुनु, कमलकी आमा, मामाहरू ल्याइतेपट्टिका सन्तान रहनु, राणाजीको घरमा दिन्छु भनिएकी राजेश्वरीको दिदीलाई ड्राइभरले भगाएको भए पनि ड्राइभर जातमिल्दो रहेको जस्ता विचारहरूको निर्माणमा जातीयताप्रतिको सामाजिक मानसिकता प्रमुख कारण रहेको छ (पृ. २७) । जेठाबा, ठुलीआमा, मकवानपुरे आमा, कमलका बा सबै क्षत्री जातिसँग सरोकार राख्ने भए पनि 'को निख्खर क्षत्री' भन्ने चिन्तनमा त्यहाँ जातभातको प्रश्न उठ्नु र माथिल्लो जात र तल्लो जातको भेद छुट्टिनु, एकअर्कामा भात-पानी नचल्नु जस्ता जातीय सङ्कीर्णताको अवस्था छ । यसरी जातीय भेदभावको दलित र अदलितभन्दा भिन्न परिप्रेक्ष्यमा रहेर एउटै जातिभित्र विद्यमान विभेदको तत्कालीन सामाजिक संरचनालाई उद्घाटन गर्नु प्रस्तुत उपन्यासको वैशिष्ट्य बनेको छ ।

**लैङ्गिक सम्बन्ध**

प्रस्तुत उपन्यासले लैङ्गिक विभेदको चर्को अवस्थिति रहेको पुरुषसत्ताको सामाजिक संरचनालाई उदाङ्गो बनाएको छ । तत्कालीन समाजमा पुरुष-महिलाबिच भेदभावपूर्ण लैङ्गिक सम्बन्ध कायम रहेको छ । बहुविवाह, अनमेल विवाह पुरुषका लागि संस्कृतिप्रदत्त अधिकार हुनु तर यौन तथा विवाहका सन्दर्भमा महिलाका लागि भने अत्यन्त अनुदार हुनु, पुरुषद्वारा निर्मित कानुन महिलाद्वेषी हुनु, नारीलाई भोग्या ठान्ने पुरुषआचरण निर्विघ्न रूपमा सञ्चालित हुन कानुनी बन्देज नहुनुले तत्कालीन मूलधारको हिन्दू आर्य संस्कृतिगत पुरुषसत्ताको प्रभावशालिता उपन्यासमा उद्घाटित छ । कमलका बाका तीनवटी सौतेनी आमाहरू हुनु (पृ. ११), बराजुका बाह्रवटीसम्म श्रीमती हुनु (पृ. १४०), कमलकै बाले पनि पहिलो श्रीमतीको मृत्युपछि अरू दुई श्रीमती घर भित्र्याउनु जस्ता तीन पुस्तासम्मका लगातार गतिविधिलाई नियाल्दा त्यत्तिखेर राणाखलकको बहुविवाहको संस्कृतिकै प्रसारण भाइभारदारका तहमा पनि देखिन्छ । सन्तानोत्पादन हुनुनहुनुमा महिलाझैँ पुरुष पनि जिम्मेवार हुन सक्छन् भन्ने सोच समाजमा कत्ति पनि देखिँदैन । जेठकी

मालकिनी श्रीमान् बितेपछि एकल जीवन बिताउनुपर्दा एकाकीपनमा भित्रभित्रै अत्तालिएको अवस्था छ; आफ्नो दुलाहालाई एउटीसँग बिहे गराई केटाकेटीको त्यो अभाव पूरा गर्ने बुद्धि नआएकोमा आफैँसँग गुनासो छ र पछुतो छ (पृ. २५) । कल्पनाकी आमाले आफू निःसन्तान रहेको लामो अवधि भोगेपछि श्रीमान्ले नमान्दानमान्दै पनि जिद्दीपूर्वक आफैँले राणाजीकी छोरी मागेर बिहे गराइदिएकी छ तर पछि कल्पना जन्मिएकी छ (पृ. १६८) । सन्तानका लागि आफ्ना श्रीमान्लाई बहुविवाहका निमित्त प्रेरित गर्ने काम पनि महिलाबाट सहजै रूपमा हुने गरेको यस प्रसङ्गले त्यस समाजमा प्रभुत्वशाली संस्कृतिको स्थापनालाई नै अगाडि ल्याएको छ ।

लैङ्गिक विभेदको त्यस सामाजिक संरचनामा नारीहरू चरम उत्पीडित छन् । जेठ मालकिनी, राजेश्वरी, तारा, कल्पना, लिचुमैयाँलगायतका उपन्यासका सबैजसो नारी पात्रहरूले पुरुषसत्ताको उत्पीडन बेहोरेका छन् । दाजु बितेपछि भाइहरूले निःसन्तान रहेकी एकल भाउजू जेठकी मालकिनीलाई आफूले घरखर्चमा दिएको थोरै ऋणको साटो उसको जिमिदारी र जग्गाजायदात खोसिदिएका छन् (पृ. ४२) । महिलामाथि हुने यसखाले आर्थिक उत्पीडनले लैङ्गिक भेदभावको समाज जीवन्त भएको छ । आफ्नै मातहतको कारिन्दा रामलखनको जेठकी मालकिनीप्रति लामो समयदेखि प्रेमका नाममा साँचेको यौनतृष्णालाई मालकिनीको स्वयम्वरको औँठिको मोलमा प्राप्त गर्ने धृष्टतालाई अभिव्यक्तिमै प्रकट गर्न सकेको छ (पृ. ४२) । कमलका बाले राजेश्वरीसँग विवाहका लागि मरिहत्ते गर्दा पनि मकवानपुरेले कुनै पनि दबाब र प्रभावमा नपरी कमलका बालाई छोरी नदिने स्वतन्त्र निर्णय गर्नु उसको अधिकार भए पनि त्यस निर्णय कमलका बाको पुरुषअभिमानमा चोटको विषय बनेको छ र बदलाभावले ग्रसित भएर उसले सुरुमा च्यान्टीसँग बिहे गरेर आफ्नो पौरुषत्व प्रकट गरेको छ, पुनः राजेश्वरीसँग बिहे गर्ने कुराकानी चलाउँदै धृष्टता प्रदर्शन गरेको छ । भदै (च्यान्टी) माथि सौता हुन छोरी दिने कुरा मकवानपुरेबाट अस्वीकृत हुनुले उसले राजेश्वरी आफ्नी स्वास्नी रहेको झुठो दाबी प्रकट गरेको छ र सामन्ती समाजमा नारीको सर्वाधिक सम्पत्ति ठानिने तथाकथित 'नारीलाज'माथि अतिक्रमण गरेको छ (पृ. ३८) । उपन्यासमा प्रस्तुत यी सन्दर्भमा पुरुषसत्ताको कुरूप स्वरूप उदाङ्गो हुन सकेको छ ।

नारीलाई भोग्या मान्ने संस्कृतिको निर्लज्जताको अनुसरण कमलका बाले गरेको छ । आफ्नो कोही सन्तान नभएको र भतिजोका लागि भन्दै कमलको फोटो देखाएर उसले कल्पनालाई माग्नु, कल्पनाका सौतेनी आमा र सौतेनी दाजुहरूको सरसल्लाहमा उसलाई रु. ३००० तिरेर किनेर ल्याउनु जस्ता कमलका बाका गतिविधिलाई सामन्ती संस्कृतिमा देखिने जालझेल र षड्यन्त्रले पाएको निरन्तरताका रूपमा लिन सकिन्छ । घरमा ल्याएपछि पनि उसले चरम अविश्वास र नारीप्रति अत्यन्त हेयका 'बेस्से' र 'रन्डी' जस्ता शब्दले सम्बोधन गर्ने गरेको देखिन्छ (पृ. १९६) । यसरी आफू चरित्रहीन रहेझैँ ज्यादै राम्री रहेकीले पनि कल्पनाका चरित्रलाई लिएर ऊ अत्यधिक सशङ्कित रहनु र एकपछि अर्को षड्यन्त्र र जालझेलसहितका नारीउत्पीडनका धृष्ट व्यवहार प्रकट गर्नुमा उसको मानसिक विक्षिप्तता त प्रकट भएको छ नै, त्यसको अन्तर्यसम्म पुग्दा 'नारी भोग्या हुन्' भन्ने तत्कालीन सामाजिक मनोविज्ञान कारण बनेको देखिन्छ । नारीचरित्रलाई लिएर समाज अत्यन्त सशङ्कित रहने उदाहरण उपन्यासमा ताराका सन्दर्भमा पनि प्रस्तुत छ । सासूससुरासँगै दस वर्षको उमेरमा कुम्भको मेला नुहाउन जाँदा हराएकी तारा छ वर्षपछि जवान अवस्थामा राम्रो स्थितिमा भेट्टिनु आमा पाठकनी बुढियाका लागि ज्यादै सुखद विषय भएको छ तर तारालाई घरमा जिम्मा लगाउन खोज्दा ऊ अस्वीकृत भएकी छ (पृ. ९१) । सासूससुराले आर्यसमाजीहरूका बिचमा

बसेकी स्वास्नीमान्छे घरमा हुल्न नसक्ने निर्णय सुनाएका छन् (पृ. ९२)। उसको सद्चरित्रमाथि समाज विश्वास गर्न सक्दैन।

लैङ्गिक विभेदको विरोधाभाषी स्थितिले सामन्ती समाज नराम्ररी जकडिएको अवस्था उपन्यासमा लिचुमैयाँका सन्दर्भमा पनि प्रकट छ। कसैको गर्भ बोकेर कमलकी विवाहित रहेकी लिचुमैयाँ विवाहको तीन महिनामै सुत्केरी हुनु समाजमा डरलाग्दो विषय बनेको छ (पृ. २१२)। आफ्नै जीवनसँग सम्बद्ध यस सन्दर्भ (प्रसाईं, २०६०, पृ. २६) मा उपन्यासकार विष्टले तत्कालीन पुरुषसत्ताको समाजको यथार्थपरक मूल्याङ्कन गरेका छन्। लिचुमैयाँले घरसमाजबाट वचनवाणको प्रहार र अपहेलनासँगै ज्यादै मानसिक उत्पीडन बेहोरेकी छ; जेठाससुराबाट दायर गरिएको मुद्दा खेप्नुपरेको छ तर कमलले त्यस घडीमा उसलाई स्वीकार गरिँदिदा भने राहतको अनुभूति गरेकी छ। कमलप्रति चोखो प्रेमभाव प्रकट गर्दै र घरव्यवहारमा लीन हुँदै गरेकी लिचुमैयाँले आफ्नो बाबुको पहुँच र प्रभावमा झुटकै पक्षमा भए पनि मुद्दा जितेकी छ। यद्यपि कमलले पनि लिचुमैयाँलाई प्रेम त गरेको हुन्छ तर लिचुमैयाँमा चारित्रिक खोट देख्ने र ऊबाट जन्मिएको जारपुत्रलाई स्विकार्न नसक्ने आफूमा विद्यमान सङ्कीर्ण चेत र त्यसो हुनु नारीमाथि अन्याय हो भन्ने आदर्श चेतबिचको निरन्तर मानसिक द्वन्द्वमा ऊ पटकपटक पराजित भएको छ। परिणामतः लिचुमैयाँले आत्महत्याको बाटो रोज्न पुगेकी छ (पृ. २९६)। यसरी यौन तथा विवाहका सन्दर्भमा पुरुषलाई जति पनि भ्रष्ट बन्न दिने तर महिलाका विषयमा अत्यन्त कठोर र अनुदार देखिने पुरुषसत्ताको सामन्तवादी सामाजिक संरचनाले प्रस्तुत उपन्यासमा मूर्तता पाएको छ।

## निष्कर्ष

*एक पालुवा अनेकौँ याम* उपन्यासमा राणाकालीन अन्तिम प्रहरको मूलतः पूर्वी तराई एवम् राजधानी काठमाडौँको मिश्रित ढाँचाको सामाजिक संरचना सजीव बनेको छ। सामन्तवादी विभेदग्रस्त सांस्कृतिक परिप्रेक्ष्य, विद्यमान शासनव्यवस्थाविरुद्धको भूमिगत आन्दोलनका गतिविधिसहितको राजनीतिक अवस्था, शैक्षिक तथा प्रशासनिक संरचना, न्यायिक गतिविधिसमेतले उपन्यासमा सशक्त अभिव्यक्ति पाएका छन्। हिन्दू धर्मनिष्ठ सामाजिक संस्कृतिका कतिपय प्रसङ्गहरूमा उपन्यासकारले देखेभोगेको समाज जीवन्त बनेको छ। तत्कालीन वर्गीय, जातीय र लैङ्गिक सम्बन्धको चरम भेदभाव तथा सङ्कीर्णताले ग्रस्त रहेको सामन्तवादी सोचविचार र व्यवहारलाई उपन्यासमा सफलतापूर्वक चित्रण गरिएको छ। साथै, उपन्यासमा सामाजिक विभेदविरुद्धको प्रतिरोधी चेत र विभेदलाई संरक्षण गर्ने तत्कालीन क्रूर शासनसत्ताका विरुद्धमा जनमानसमा उद्बुद्ध क्रान्तिचेतजन्य गतिविधिको पनि सफल प्रस्तुति भएको छ जसमा राणाशासन अन्त्यतिरको परिवर्तनलाई पछ्याउँदै गरेको नेपाली समाज रूपान्तरणको प्रक्रियाले पनि प्रकाश पाएको छ। यसरी सामाजिक संरचनालाई मूल आधार बनाई गरिएको प्रस्तुत उपन्यासको समाजशास्त्रीय अध्ययनबाट प्राप्त यस निष्कर्ष कालखण्डको यथार्थ समाजबोधका निमित्त प्राज्ञिक औचित्यका दृष्टिले निकै महत्त्वपूर्ण रहेको छ।

## सन्दर्भ सामग्रीसूची

आफानास्येभ, भिक्टर (२०५४). *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान.* (दोस्रो संस्क.). सहभागी प्रकाशन।

त्रिपाठी, वासुदेव (२०६५). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा.* भाग २. (पाँचौँ संस्क.). साझा प्रकाशन।

प्रसाईं, नरेन्द्रराज (२०६०). *दौलतविक्रम विष्टको परिक्रमा.* साझा प्रकाशन ।
विष्ट, दौलतविक्रम (२०६७). *एक पालुवा अनेकौँ याम* (पाँचौँ संस्क.). साझा प्रकाशन ।
मिश्र, शिवकुमार (सन् २०१०). *मार्क्सवादी साहित्य चिन्तन.* वाणी प्रकाशन ।
सुनुवार, रमेश (२०६३). *दर्शनशास्त्रको हाते किताब* (तेस्रो संस्क.). प्रगति पुस्तक सदन ।
श्रेष्ठ, दयाराम (२०६०). 'केही प्रमुख नेपाली उपन्यासहरूको समाजशास्त्र'. *नेपाली उपन्यासको शतवार्षिकी.*स्मारिका. (सम्पा.) भाउपन्थी र रोशन थापा 'नीरव'. नेपाल प्रज्ञाप्रतिष्ठान ।
Laurenson, D. T. Swingewood, A. (1972). *The Sociology of Literature*. Schocken Books.
Williams, R. (1961/1965). *The long revolution* (2nd Ed.). Penguins Books.
Williams, R. (1977/2010). *Marxism and literature* (Reprinted). Oxford University Press.